गाउँ कार्यपालिकाको ७ (सातौ) बैठक / २०८२/०८३

मिति : २०८२ साल कार्तिक २१ गते शुक्रबार

समय : बिहान : ७ :३० बजे

अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष )

स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क्र. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | |
| ६ | रमेश राई | सदस्य | |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | |
| ९ | पोसी शेर्पा | सदस्य | |
| १० | ईन्दिरा भट्टराई | सदस्य | |
| ११ | पवित्र भुजेल | सदस्य | |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | |
| १३ | अमित देवी राई | सदस्य | |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगी श्री बुद्धिमान तामाङ

अन्य आमान्त्रित

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

२. स्वास्थ्य तर्फको कर्मचारी माग सम्वन्धमा ।

३. खरिद योजना स्वीकृत गर्ने सम्वन्धमा ।

४. सहमति प्रदान गर्ने सम्वन्धमा ।

५. आयोजना सञ्चालन गर्ने सम्वन्धमा ।

६. आधारभूत अस्पताल र कृषि तथा पशुपन्छी केन्द्र सञ्चालन एवं स्थानान्तरण गर्ने सम्वन्धमा ।

७. वडा नं. ३ को वडा कार्यालय र स्वास्थ्य चौकी स्थानान्तरण गर्ने सम्वन्धमा ।

८. बढुवा समितिको निर्णय सम्वन्धमा ।

९. अन्य विविध प्रस्ताव सम्वन्धमा ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

मिति २०८२ साल कार्तिक २१ मा सम्पन्न ७ (सातौ) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको छैटौ बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २ (क)

कार्यालयको स्वीकृत तथा मन्त्रालयबाट सृजना भएको दरवन्दीमा कार्यालयलाई आवश्यक स्वास्थ्य सेवा लगायतका कर्मचारीहरु सेवा करारका लागि विज्ञापन गर्ने । साथै यस आ. व. २०८२/०८३ भित्र कार्यालयलाई आवश्यक कर्मचारीहरु नियमानुसार करार सेवामा छनौट गरी नियुक्तिका लागि स्थानयि सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १३४ बमोजिमको सिफारिस गर्न देहायानुसारको पदपूर्ति समिति मनोनयन गर्ने सर्व सम्मत निर्णय गरियो ।

निम्न

१. प्र. प्र. अ. श्री नविन भट्टराई — संयोजक
२. अधिकृत श्री सुनिता कटुवाल — सदस्य
३. अधिकृत श्री गेहेन्द्र कुमार उपाध्याय दाहाल — सदस्य
४. क. अ. श्री मुलायम सिंह यादव — सदस्य
५ प्रशासन शाखा प्रमुख अ. श्री बुद्धिमान तामाङ — सदस्य सचिव

(ख) माथि उल्लेखित पदपूर्ति सिफारिस समितिका पदाधिकारी तथा स्थानयि सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ (४) बमोजिम गठित तहबृद्धि सिफारिस समितिका पदाधिकारीहरु तथा आमान्त्रित विषय विज्ञलाई परिक्षाको प्रश्नपत्र तयारी, उत्तरपुस्तिका निरीक्षण, अन्तरवार्ता एवं समितिको बैठकमा उपस्थित भई काम गरे वापत निम्नानुसारको सुविधा उपलव्ध गराउने सर्व सम्मत निर्णय गरियो ।

देहाय

(क) समितिका संयोजक (केन्द्राध्यक्ष) - प्रति बैठक रु. १५००।-
(ख) आमान्त्रित विषय बिज्ञ - नियमानुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराउने ।
(ग) सहायक केन्द्राध्यक्ष, समितिका सदस्य एवं सदस्य सचिव - प्रति बैठक रु. १०००।-

निर्णय नं. ३

सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली बमोजिम आ. व. ०८२/०८३ को लागि तयार गरिएको बार्षिक खरिद योजना सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ४

यस कार्यालयमा कार्यरत देहायका कर्मचारीहरुले आफ्नो घरायसी तथा पारिवारीक समस्याको कारण देखाई कार्यालयमा नियमित रुपमा रही कामकाज गर्न असमर्थ भएकोले अन्तर स्थानीय तहमा सरुवा भई जानका लागि सरुवा सहमती माग गरेको सन्दर्भमा निजहरुको मागलाई मध्यनजर गरी कार्यालयमा नियमित हाजिर भई आफ्नो (TOR) बमोजिमको कामकाज गर्न नसकेको हुँदा निजहरुलाई अन्यत्र सरुवा भई जान "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा-२४ (४) मा व्यवस्था भए बमोजिम सरुवा सहमती दिने सर्व सम्मत निर्णय गरियो ।

देहाय

| सि. नं. | कर्मचारीको नाम थर | क. सं. नं. | पद | श्रेणी/तह | सेवा/समुह |
|---|---|---|---|---|---|
| १ | श्री बिक्रम रुम्वा | २३०३४८ | स. ई. | सहायकस्तर पाँचौ | ईन्जिनियरीङ्ग सिभिल |
| २ | श्री आसीमा दाहाल | २४००४० | स. ई. | सहायकस्तर पाँचौ | ईन्जिनियरीङ्ग/सिभिल |

निर्णय नं. ५

गाउँपालिकाको आ. व. ०८२/०८३ को लागि स्वीकृत बार्षिक कार्यक्रम तथा आयोजनाहरु सरकारबाट घोषणा गरिएको २०८२ साल फाल्गुण २१ को मध्यवधी निर्वाचनको आचार सहिंता जारी हुनु अगावै संचालन गर्ने गरी सम्झौता प्रक्रिया अगाडी बढाउन वडा कार्यालय तगा उपभोक्ता बर्गमा जानकारी गराउने सर्व सम्मत निर्णय गरियो ।

भट्टराई
अधिकृत

राई

निर्णय नं. ६

संघीय सरकारको नीति तथा कार्यक्रम अनुसार निर्माण भएको ५ शैयाको मानेडाँडा आधारभूत अस्पताल तथा ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना धनकुटाको आर्थिक सहयोगमा निर्माण भएको कृषि तथा पशुपंछी सेवा केन्द्र भवनको सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी दुवै भवन गाउँपालिकालाई हस्तान्तरण भईसकेको हुँदा मानेडाँडा स्वास्थ्य चौकीबाट हुने सम्पूर्ण स्वास्थ्य सेवाको काम तथा गाउँपालिकाबाट संचालनमा रहेको कृषि तथा पशु स्वास्थ्य सेवा सम्वन्धी कामहरु उक्त नयाँ भवनबाट संचालन हुने गरी स्थानान्तरण गर्ने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ७

वडा नं. ३ को वडा कार्यालय तथा च्याङ्ग्रे स्वास्थ्य चौकीलाई गाउँपालिका नजिकै निर्माण भएको नयाँ स्वास्थ्य चौकीको भवनबाट यहि मंसिर महिनादेखि सेवा उपलब्ध गराउने गरी स्थानान्तरण गर्ने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ८

कोशी प्रदेश सरकारबाट जारी स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन) ऐन, २०८० दफा - २७ (४) बमोजिम गठित तहबृद्धी सिफारिस समितिको मिति २०८२/०७/२० गतेको एकतह माथि तहबृद्धि गर्ने सम्वन्धी निर्णय अनुमोदन गर्ने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ९

भोजपुर न. पा. वडा नं. १२ र रामप्रसादराई गा. पा. वडा नं. ५ मानेभन्ज्याङ्ग बीचबाट भोजपुर सदरमुकामदेखि हतुवागढी गाउँपालिका घोडेटार जोड्ने पिखुवा दोभानमा संचालनमा रहेको बेली ब्रिज पौवादुङमा गा. पा. वडा नं. ६ टुलोदुम्मा पुछार मार्ताङ फेदी र हतुवागढी गा. पा. वडा नं. ६ होम्ताङ पुछार माझी गाउँ पिखुवा खोलामा स्थानान्तरण गरी जडान गर्न नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मिति २०८१/०५/३१ को मा. मन्त्रीस्तरीय निर्णयानुसार अनुमती प्राप्त भई सो बेली ब्रिज स्थानान्तरण तथा जडानका लागि प्रदेश सरकार समक्ष गाउँ कार्यपालिकाबाट मिति २०८१ आश्विन ५ को निर्णयानुसार अनुरोध गरी पठाईएकोमा प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट यस चालू आ. व. २०८२/०८३ मा खर्च गर्ने गरी रु. ४०,००,०००।- (चालिस लाख) बजेट बिनियोजन भएकोमा उक्त रकम लागत ईष्टिमेट बमोजिम अपुग हुने भएकोले ल. ई. बमोजिम बजेटको श्रोत सुनिश्चितता एवं ल. ई. बमोजिमको बजेट ब्यवस्था गरी दिनका लागि कोशी प्रदेश मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय बिराटनगरलाई अनुरोध गरी पठाउने सर्व सम्मत निर्णय गरियो ।

प्रस्तुत प्रस्ताव माथिको छलफल समाप्त भएकोले आजको बैठक समापन गरियो ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष